पाथीभरा याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थेचम्बु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ति गर्ने सम्वन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०७/२०**

यस पाथीभरा याङवरक गाउँपालिका, थेचम्बु, ताप्लेजुङद्वारा तपसिलबमोजिमका पदहरुमा मितिः २०८२/०५/१८ गते १५ दिने सूचना प्रकाशन गरिएकोमा उक्त पदहरुमा कुनै पनि उम्मेद्वारहरुले दरखास्तको लागि निवेदन पेश नगरेको हुँदा, योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिमको पदमा १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि पुनः यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | पद सङ्ख्या | आवेदन दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०१/२०८२/०८३ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | नेपाल स्वास्थ्य | हेल्थ इन्सेपेक्सन | १ (एक) | १००० | |
| ०२/२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौ | - | - | १ (एक | ५०० | |

१. **आवश्यक शैक्षिक योग्यता र अनुभवः**

क) **जनस्वास्थ्य अधिकृत (अधिकृत सातौं):**

- मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट जनस्वास्थ्य संकायमा स्नातक (BPH) वा सो सरहको उपाधि प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता तथा नवीकरण भएको,

ख) **मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ)**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको,
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoint, Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

२. **दरखास्त दिने स्थानः** पाथीभरा याङवरक गाउँपालिकाको कार्यालय, थेचम्बु, ताप्लेजुङ ।

३. **दरखास्त दिने अन्तिम मितिः** २०८२/०८/०४ गते कार्यालय समय भित्र।

४.**आवेदन दस्तुर बुझाउने प्रकृयाः** पाथीभरा याङवरक गाउँपालिकाको लक्ष्मी बैंकको आन्तरिक राजश्व खाता नं.:०९२०३०००५१ जम्मा गर्नु पर्नेछ

५. **छनौटको किसिमः** क) **जनस्वास्थ्य अधिकृत र मनोसामाजिक परामर्शकर्ता पदको लागिः** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता।

६. **उम्मेद्वारको उमेर हदवन्दीः जनस्वास्थ्य अधिकृतको हकमाः** दरखास्त दिने अन्तिम मिति सम्ममा महिला र पुरुष दुवैको लागि उमेर हदबन्दी १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

"बिकास र सुशासनमा प्राकृतिक स्रोतको उचित उपयोग, जनताको खुसी पाथीभरा याङवरकको सोच"
Email Address: pathivarayang@gmail.com, Web Site: yangwarakmuntaplejung.gov.np

- **मनोसामाजिक परामर्शकर्ताको हकमाः** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ।

७. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरुः

- नेपाली नागरिकता,
- न्युनतम योग्यताको लब्धाङ्क पत्र,
- चारित्रिक प्रमाणपत्र,
- अनुभव खुल्ने कागजात,
- २ प्रति पासपोर्ट साइजको फोटो,
- काउन्सिल दर्ताको प्रमाणपत्र (स्वास्थ्यको हकमा)

८. **सेवा सुविधाः** गाउँपालिकाको करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

९. **आवेदनको ढाँचा र अन्य जानकारीः** इच्छुक उम्मेद्वारले यस गाउँपालिकाको इमेल ठेगाना pathivarayang@gmail.com मा पनि दरखास्त दिन सकिनेछ, साथै आवेदनको फारम पाथीभरा याङवरक गाउँपालिकाको कार्यालय र कार्यालयको **Website:** www.pathivarayangwarakmun.gov.np मा उपलब्ध गरिएको छ। रित पुर्वक पेश नभएका तथा म्याद नाघि आएका आवेदन उपर कुनै कारवाही गरिने छैन । छनौट समितिले मापदण्ड पुरा गरेका आवेदन लाई मात्र छोटो सूचीमा समावेश गरिने छ। अन्य जानकारीको लागिः ९८४००३७९६१ मा सम्पर्क गर्न सकिने छ।

२०८२/०८/२०

.............................

**संगम पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**